यहूदी र ईसाईहरूलाई पहिले सलाम नगर र जब तपाईं नीहरूमध्ये कसैलाई बाटोमा भेट्नुहुन्छ, तिनीहरूलाई साँघुरो बाटो लिन बाध्य पार्नुहोस्।

अबू हुरैरह (रजियल्लाहु अन्हु) वर्णन गर्नुहुन्छ, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि
व सल्लम) ले भन्नुभयो: "यहूदी र ईसाईहरूलाई पहिले सलाम नगर र जब तपाईं नीहरूमध्ये कसैलाई बाटोमा भेट्नुहुन्छ, तिनीहरूलाई साँघुरो बाटो लिन बाध्य पार्नुहोस्।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

अल्लाहका नबी (सल्लल्लाहु अलैहि व सल्लम) यहुदी र इसायीहरूलाई सलाम गर्नमा पहल गर्न मनाहि गर्दै हुनुहुन्छ, चाहे उनीहरू जिम्मी (अधिकार प्राप्त नागरिक) नै हुन्, अरु काफिरहरूको त कुरा नै नगरौं। उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) ले बताउनु भयो, जब बाटोमा कुनै यहुदी वा इसायी सित भेट भयो भने उनीहरूलाई साँधुरो बाटोमा हिँड्नका लागि बाध्य बनाउनु। बीच बाटोबाट मुमिन हिँडोस् र काफिर छेउछेउ बाट हिँडोस् । एउटा इमान वाला कुनै पनि हालतमा अपमानित हँदैन ।

http://sunnah.global/hadeeth/ne/show/5347